# नेवाः देय् दबूको नियमावली
# ने.सं.११३७

**प्रस्तावना :**
नेवाः देय् दबूको केन्द्र, प्रदेश, जिल्ला, नगर, गाउँपालिका, वडा समिति तथा आवद्ध जातीय खलः, खलः पुचः, संघ संस्था एवं सदस्यहरुलाई अनुशासित व्यवस्थित नियमितरुपमा परिचालन गरी देय् दबूको संगठनलाई गतिशील र संगठित गर्न वाञ्छनिय भएकोले देय् दबूको विधान धारा ४३ ले दिएको अधिकार प्रयोग गरी देय् दबूको केन्द्रीय समितिले नेवाः देय् दबूको नियमावली ११३७ बनाई जारी गरिएको छ ।

## परिच्छेद–१

१) **संक्षिप्त नाम र प्रारम्भ** :–
(क) यस नियमावलीको नाम :– नेवाः देय् दबूको नियमावली ११३७ रहने छ ।
(ख) यस नियमावली केन्द्रीय समितिले पारित गरे पछि तुरुन्त लागू हुनेछ ।

२) **परिभाषा** :–
विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा
क) “विधान” भन्नाले नेवाः देय् दबूको विधान १११५ (संशोधन सहित) लाई सम्झनु पर्दछ ।
ख) “नियमावली” भन्नाले नेवाः देय् दबूको विधान अन्तर्गत रही बनाइको नेवाः देय् दबूको नियमावली ११३७ लाई सम्झनु पर्दछ ।
ग) “विभाग” भन्नाले नेवाः देय् दबूको विधान र नियमावली अन्तर्गत रही गठन गरिएको विभिन्न विभागहरुलाई सम्झनु पर्दछ ।
घ) “कार्यालय” भन्नाले नेवाः देय् दबूको केन्द्र, प्रदेश, जिल्ला, नगर, गाउँ, वडाको कार्यालयलाई सम्झनु पर्दछ ।
ङ) “सचिवालय” भन्नाले नेवाः देय् दबूको केन्द्र, प्रदेश, जिल्ला, नगर, गाउँ, वडाको सचिवालयलाई सम्झनु पर्दछ ।
च) “जातीय परिषद” भन्नाले नेवार समुदाय भित्रका विभिन्न जातीय संस्थाको प्रतिनिधिहरुको परिषदलाई सम्झनु पर्दछ ।
छ) “विषयगत संगठन/समिति” भन्नाले नेवाः देय् दबूको उद्धेश्य र लक्ष्य प्राप्तिको लागि गठन गरिने युवा, विद्यार्थी, महिला, कलाकार, पत्रकार तथा विभिन्न पेशागत समितिहरुलाई सम्झनु पर्दछ ।
ज) “प्रारम्भिक समिति” भन्नाले नेवाः देय् दबूको विधान अनुसार गठित संगठन संरचनाको सबभन्दा तल्लो समिति गाउँपालिका र नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ । साथै कुनै प्रारम्भिक समितिमा जनसंख्याको आधारमा एक वा एकभन्दा बढी वडाहरु मिलाई बनेको वडा समितिलाई समेत सम्झनु पर्दछ ।
झ) “मनोनित सदस्य” भन्नाले प्रत्येक तह (महाधिवेशन, राष्ट्रिय परिषद, केन्द्रीय समिति, प्रदेश अधिवेशन, प्रदेश समिति, जिल्ला अधिवेशन, जिल्ला समिति, नगर अधिवेशन, नगर समिति, गाउँ अधिवेशन, गाउँ समिति, वडा समिति) मा मनोनित हुने व्यक्तिलाई सम्झनु पर्दछ ।

## परिच्छेद–२

**३) सदस्यता सम्बन्धि व्यवस्था :–**
१) संस्थापक संस्था सदस्य :
क) प्रत्येक आर्थिक बर्षको अन्त्य सम्ममा सम्बन्धित जिल्ला समितिमा आफ्नो संस्थाको साधारण सदस्य एक बराबर रु २०।०० (बीस रुपैया) दरले नविकरण शुल्क बुझाई सदस्यता नविकरण गर्नुपर्दछ ।
ख) समयमै नविकरण नगरिएको संस्थापक सदस्यहरुको हकमा पहिलो बर्ष १० प्रतिशत, दोस्रो बर्ष २५ प्रतिशत बिलम्ब शुल्क बुझाउनु पर्दछ ।

ग)	लगातार तीन बर्ष नविकरण नगरिएका संस्थापक सदस्यहरुलाई संस्थाको सदस्य अभिलेखबाट हटाइनेछ ।
घ)	संस्थापक सदस्य संस्था नविकरणको लागि आफ्नो संस्थाको साधारण सदस्य संख्या अधिकतम २०० जना तथा न्यूनतम २५ जनाको मात्र गणना गरिनेछ ।
ङ)	नविकरण गर्दा अनूसुची १ बमोजिमको फारममा उल्लेखित कार्यविधि पुऱ्याइ संस्था नविकरणको लागी दरखास्त दिनु पर्दछ ।
च)	संस्थापक सदस्य संस्था प्रमाण पत्र अनूसुची २ बमोजिमको हुनेछ ।
छ)	नविकरणको ५० प्रतिशत जिल्ला समितिमा २५ प्रतिशत प्रदेश समिति र २५ प्रतिशत केन्द्रमा पठाउन पर्नेछ ।

**४)	संस्थागत सदस्यता :**
क)	नियमावलीको अनूसुचि ३ बमोजिमको कार्यविधि पुऱ्याई सम्बन्धि जिल्ला समितिमा सदस्यता प्राप्तिको लागि आवदेन दिनुपर्दछ ।
ख)	संस्थागत सदस्यता प्राप्तिको लागी आवेदन रु १,०००।०० (एक हजार फिर्ता नहुनेगरी )आवेदन शुल्क बुझाइ आवेदन दिन सक्नेछ । आवेदन उपरको निर्णय पश्चात आफ्नो संस्थाको साधारण सदस्य एक बराबर रु २०।०० (बीस रुपैया) सदस्यता शुल्क बापत दस्तुर बुझाउनु पर्दछ ।
ग)	प्रत्येक आर्थिक बर्षको अन्त्य सम्ममा सम्बन्धित जिल्ला समितिमा आफ्नो संस्थाको साधारण सदस्य एक बराबर रु २०।०० (बीस रुपैया) दरले नविकरण शुल्क बुझाई संस्था नविकरण गर्नुपर्दछ ।
घ)	समयमै नविकरण नगरिएको संस्थागत सदस्यहरुको हकमा पहिलो बर्ष १० प्रतिशत, दोस्रो बर्ष २५ प्रतिशत बिलम्ब शुल्क बुझाउनु पर्दछ ।
ङ)	लगातार तीन बर्ष नविकरण नगरिएका संस्थागत सदस्यहरुलाई संस्थाको सदस्य अभिलेखबाट हटाइनेछ ।
च)	संस्थागत सदस्य प्राप्ति र नविकरणको लागि आफ्नो संस्थाको साधारण सदस्य संख्या अधिकतम २०० जना तथा न्यूनतम २५ जनाको मात्र गणना गरिनेछ ।
छ)	नविकरण गर्दा अनूसुची ४ बमोजिमको फारममा उल्लेखित कार्यविधि पुऱ्याइ संस्था नविकरणको लागी दरखास्त दिनु पर्दछ ।
ज)	संस्थागत सदस्यता प्रमाण पत्र अनूसुची ५ बमोजिमको हुनेछ ।
झ)	संस्थागत सदस्य आवेदन शुल्क केन्द्रमा बुझाउन पर्नेछ र नविकरणको ५० प्रतिशत जिल्ला समितिमा २५ प्रतिशत प्रदेश समिति र २५ प्रतिशत केन्द्रमा पठाउन पर्नेछ ।

**५)	जातीय संस्थागत सदस्य :**
क)	नियमावलीको अनूसुचि ६ बमोजिमको कार्यविधि पुऱ्याई केन्द्रीय समितिमा सदस्यता प्राप्तिको लागि आवदेन दिनुपर्दछ ।
ख)	जातीय संस्थागत सदस्यता प्राप्तिको लागी रु १,०००।०० (एक हजार फिर्ता नहुने गरी) आवेदन दिन सक्नेछ । आवेदन उपरको निर्णय पश्चात रु २,०००।०० (दुई हजार रुपैया) सदस्यता शुल्क बापत दस्तुर बुझाउनु पर्दछ ।
ग)	प्रत्येक आर्थिक बर्षको अन्त्य सम्ममा केन्द्रीय समितिमा रु २,०००।०० (दुई हजार रुपैया) नविकरण शुल्क बुझाई संस्था नविकरण गर्नुपर्दछ ।
घ)	समयमै नविकरण नगरिएका जातीय संस्थागत सदस्यहरुको हकमा पहिलो बर्ष १० प्रतिशत, दोस्रो बर्ष २५ प्रतिशत बिलम्ब शुल्क बुझाउनु पर्दछ ।
ङ)	लगातार तीन बर्ष नविकरण नगरिएका जातीय संस्थागत सदस्यहरुलाई संस्थाको सदस्य अभिलेखबाट हटाइनेछ ।

च)	नविकरण गर्दा अनूसुची ७ बमोजिमको फारममा उल्लेखित कार्यविधि पुऱ्याइ संस्था नविकरणको लागी दरखास्त दिनु पर्दछ ।
छ)	जातीय संस्थागत सदस्यता प्रमाण पत्र अनूसुची ८ बमोजिमको हुनेछ ।

**६) साधारण सदस्य :**

क) विधानको धारा ७ बमोजिम योग्यता पुगेका व्यक्तिहरुले रु.१० प्रवेश शुल्क बुझाई नियमावलीको अनूसुचि ९ बमोजिमको आवेदन फारम भरी सम्बन्धि प्रारम्भिक समितिमा सदस्यता प्राप्तिको लागि आवदेन दिनुपर्दछ ।

ख) साधारण सदस्यता शुल्क बापत न्यूनतम रु १००।०० (एक सय) बुझाउनु पर्दछ । प्रारम्भिक समितिले आवश्यकता अनुसार थप शुल्क निर्धारण गर्न सकिनेछ ।

ग) प्रत्येक आर्थिक बर्षको अन्त्य सम्ममा सम्बन्धित प्रारम्भिक समितिमा आफ्नो साधारण सदस्यता बापत न्यूनतम रु १००।०० (एक सय) बुझाई नविकरण गर्नुपर्दछ । प्रारम्भिक समितिले आवश्यकता अनुसार थप शुल्क निर्धारण गर्न सकिनेछ ।

घ) समयमै नविकरण नगरिएको साधारण सदस्यहरुको हकमा पहिलो बर्ष १० प्रतिशत, दोस्रो बर्ष २५ प्रतिशत बिलम्ब शुल्क बुझाउनु पर्दछ ।

ङ) लगातार तीन बर्ष नविकरण नगरिएका साधारण सदस्यहरुलाई संस्थाको सदस्य अभिलेखबाट हटाइनेछ ।

च) साधारण सदस्यता प्रमाण पत्र अनूसुची १० बमोजिमको हुनेछ ।

छ) सम्पूर्ण सदस्यहरुको सदस्यता प्रवेश शुल्क केन्द्रमा बुझाउनु पर्नेछ

ज) सम्पूर्ण साधारण सदस्यहरुको सदस्यता शुल्क / नविकरण शुल्कको रु.८० सम्बन्धित प्रारम्भिक समितिमा, रु.५ गाउँ/नगर समितिमा, रु.५ जिल्ला समिति, रु.५ प्रदेश समितिमा र रु.५ केन्द्रमा पठाउनु पर्नेछ ।

झ) एक व्यक्तिले कुनै एक प्रारम्भिक समितिको मात्र सदस्यता लिन पाउनेछ ।

ञ) सदस्यता स्थानान्तरण गर्न सकिनेछ ।

ट) माथिल्लो पदमा नियुक्ति, निर्वाचित, मनोनित भएमा सो भन्दा तल्लो पद स्वत: खारेज हुनेछ ।

ठ) संस्थाको हरेक तहमा एक व्यक्ति एक पदको सिद्धान्त लागू हुनेछ ।

**७) मनोनित सदस्य :**

क) जुन सुकै तहमा मनोनित सदस्यले प्रारम्भिक समितिले तोकेको शुल्क बुझाइ साधारण सदस्यता र नविकरण भएको हुनु पर्नेछ ।

## परिच्छेद ३

**८) विभिन्न समितिहरु गठन**

१) विधानको परिच्छेद ६, धारा १५ (ड) को अधिनमा रही निम्नानुसारको समितिहरु गठन गरिनेछ।

क) लेखा समिति

ख) अनुशासन समिति

२) विधानको परिच्छेद ६, धारा १५ (थ) को अधिनमा रही निर्वाचन समितिहरु गठन गरिनेछ ।

क) निर्वाचन समिति

**९) लेखा समितिको काम, कर्तव्य तथा अधिकार**

क) नेवा: देय् दबूको केन्द्रीय समितिले १ संयोजक र अन्य २ जना सदस्यहरुको एक लेखा समिति गठन गरिनेछ ।

ख) यस समितिले नेवा: देय् दबूको आर्थिक नियमावली अन्तर्गत रही केन्द्र, प्रदेश, जिल्ला, नगर, गाउँ र प्रारम्भिक समिति समेतको आर्थिक कारोवारको आन्तरिक लेखा परिक्षण गरी सोको प्रतिवेदन सम्बन्धित समिति र केन्द्रीय समितिमा पेश गरिनेछ ।

ग) लेखा समितिले आवश्यक ठानेमा लेखा उपसमिति समेत गठन गरी सम्पूर्ण समितिहरुको आन्तरिक लेखा परिक्षण सम्बन्धि सम्पूर्ण कार्यहरु गर्न सकिनेछ ।

घ) यस समितिको पदावधि मौजुदा केन्द्रीय समिति सरह हुनेछ ।

**१०) अनुशासन समितिको काम, कर्तव्य तथा अधिकार**

क) नेवाः देय् दबूको केन्द्रीय समितिले १ संयोजक र अन्य २ जना सदस्यहरुको एक अनुशासन समिति गठन गरिनेछ ।

ख) यस समितिले नेवाः देय् दबूको केन्द्र, प्रदेश, जिल्ला, नगर, गाउँ र प्रारम्भिक समितिका पदाधिकारी एवं सदस्यहरुका विरुद्ध परेका अनुशासन भंग सम्बन्धि लिखित तथा मौखिक उजुरी उपर छानवीन गर्न सकिनेछ ।

ग) छानवीनको शिलशिलामा उजुरी मनाशिव ठहरिएमा पहिलो पटक नसियत दिनेछ ।

घ) दिइएको नसियतलाई अटेर गरेमा दोस्रो पटक चेतावनी दिन सक्नेछ ।

ङ) दिइएको चेतावनी समेत अटेर गरेमा तेस्रो पटक अधिकतम ३ महिना सम्म निलम्बन गरी छानवीन गर्न सकिनेछ ।

च) अन्तिम कार्वाहीको लागि केन्द्रीय समितिमा सिफारिस गर्ने ।

छ) माथि जेसुकै लेखिएता पनि संस्थालाई आँच आउने संघिन कसूर कार्य गरेमा तत्काले निलम्बन समेत गर्ने गरी केन्द्रमा कार्वाहीको सिफारिस गर्न सकिनेछ ।

ज) अनुशासन उलंघनको उजुरी परेका पदाधिकारीलाई उचित सफाईको मौका दिइनेछ ।

झ) यस समितिको पदावधि मौजुदा केन्द्रीय समिति सरह हुनेछ ।

ञ) संस्थाको केन्द्र देखी तल्लो निकाय सम्म विधान बमोजिम कार्य भए नभएको अनुगमण तथा मुल्यांकन गर्ने ।

**११) निर्वाचन समितिको काम, कर्तव्य तथा अधिकार**

क) नेवाः देय् दबूको केन्द्रीय समितिले १ संयोजक र अन्य २ जना सदस्यहरुको एक निर्वाचन समिति गठन गरिनेछ ।

ख) यस समितिले नेवाः देय् दबूको निर्वाचन निर्देशिका अन्तर्गत रही केन्द्र, प्रदेश, जिल्ला, नगर, गाउँ र प्रारम्भिक समिति समेतको अधिवेशनमा निर्वाचन सम्बन्धि सम्पूर्ण कार्य गर्नु पर्नेछ ।

ग) निर्वाचन समितिले आवश्क ठानेमा निर्वाचन उपसमिति गठन गरी प्रदेश, जिल्ला, नगर, गाउँ र प्रारम्भिक समितिको निर्वाचन सम्बन्धि सम्पूर्ण कार्यहरु गर्नु पर्नेछ ।

घ) निर्वाचन सम्बन्धि सम्पूर्ण जिम्मेवारी यस समितिको हुनेछ ।

ङ) यस समितिको पदावधि मौजुदा केन्द्रीय समिति सरह हुनेछ ।

## परिच्छेद ४

१२) विधानको परिच्छेद ६, धारा १५ (ञ) को अधिनमा रही केन्द्रीय समितिको पदाधिकारी तथा सदस्यको प्रमुखत्वमा न्यूनतम ७ सदस्यीय निम्नानुसारको केन्द्रीय विभागहरु गठन गरिनेछ ।

क) संगठन विभाग
ख) विदेश तथा अन्तराष्ट्रिय सम्बन्ध विभाग
ग) सुचना, संचार तथा प्रकाशन विभाग
घ) भाषा, साहित्य तथा सांस्कृतिक विभाग
ङ) संस्कार तथा संस्कृति (चाडपर्व) तथा पञ्चाङ्ग विभाग
च) अध्ययन तथा अनुसन्धान विभाग
छ) आर्थिक विभाग
ज) आदिवासी जनजाति विभाग
झ) विषयगत विभाग
ञ) महिला विभाग

(आवश्यकता अनुसार अन्य विभागहरु थपघट गर्न सकिनेछ ।)

**१३) संगठन विभागको काम, कर्तव्य र अधिकारहरु**

क) नेवाः देय् दबूको प्रदेश, जिल्ला, नगर, गाउँ, वडा समिति नभएको स्थानहरुमा संगठन विस्तार तथा निर्माण गर्ने ।

ख) नेवाः देय् दबूको संगठित संस्थाहरुको अभिलेख राख्ने तथा नियमित रुपमा अद्यावधिक गर्ने ।

ग) विभिन्न संगठित संस्थाहरु बीच समन्वय् गर्ने ।

घ) केन्द्रीय समितिको बैठकमा विभागीय प्रतिवेदन पेश गर्ने ।

ङ) संगठन निर्माण तथा विस्तार सम्बन्धि नीति निर्माण गर्न केन्द्रीय समितिलाई अवश्यक सुझाव दिने

च) केन्द्रीय समितिले तोकेको अन्य काम गर्ने ।

**१४) विदेश तथा अन्तराष्ट्रिय सम्बन्ध विभागको काम, कर्तव्य र अधिकारहरु**

क) नेवारहरुको बसोवास रहेको मुलुकमा नेवाः देय् दबूको संगठन निर्माण गर्ने ।

ख) नेवारहरुको बसोवास रहेको मुलुकहरुमा नेवाः खलः पुचः संघ संस्थाहरुसंग सम्बन्ध विस्तार गर्ने ।

ग) अन्तराष्ट्रिय संघ संगठनहरुसंग सम्बन्ध राख्ने र सम्बन्ध विस्तार गर्ने ।

घ) केन्द्रीय समितिको बैठकमा विभागीय प्रतिवेदन पेश गर्ने ।

ङ) विदेश तथा अन्तराष्ट्रिय सम्बन्ध सम्बन्धि नीति निर्माण गर्न केन्द्रीय समितिलाई अवश्यक सुझाव दिने ।

च) केन्द्रीय समितिले तोकेको अन्य काम गर्ने ।

**१५) सुचना, संचार तथा प्रकाशन विभागको काम, कर्तव्य र अधिकारहरु**

क) नेवाः देय् दबूको उद्धेश्य प्राप्तिको लागी आवश्यक सामग्री निर्माण गर्ने, प्रकाशन गर्ने, वेभसाइत तयार गर्ने तथा अद्यावधिक गर्ने ।

ख) नेवाः देय् दबूको मूखपत्र प्रकाशन गर्ने ।

ग) नेवाः भाषा, कला, संस्कृति सम्बन्धि पुस्तक प्रकाशन गर्ने ।

घ) नेवाः देय् दबू र आवद्ध खलः पुचः, संघ संस्थाले गर्ने कार्यहरुको सुचना संकलन गर्ने प्रचार प्रसार गर्ने ।

ङ) नेवाः देय् दबूले प्रकाशन गरेका सामाग्रीहरु तल्लो निकाय सम्म बिक्री वितरण गर्ने ।

च) केन्द्रीय समितिको बैठकमा विभागीय प्रतिवेदन पेश गर्ने ।

छ) सुचना, प्रचार, प्रकाशन सम्बन्धि नीति निर्माण गर्न केन्द्रीय समितिलाई अवश्यक सुझाव दिने ।

ज) केन्द्रीय समितिले तोकेको अन्य काम गर्ने ।

**१६) भाषा, साहित्य तथा सांस्कृतिक विभागको काम, कर्तव्य र अधिकारहरु**

क) नेपालभाषा, लिपि, भेषभुषा, परिकारको प्रचार प्रसार तथा प्रशिक्षण गर्ने ।

ख) नेपालभाषा तथा साहित्यको प्रवर्द्धन तथा प्रचार प्रंसार गर्ने ।

ग) नेवाः बाजागाजा, संगीत, नृत्यको प्रचार प्रसार गर्ने तथा प्रशिक्षण गर्ने ।

घ) नेपालभाषामा चलचित्र, नाटक, ब्याले निर्माण गर्ने गराउने, भएकालाई समन्वय गरी प्रचार प्रसा गर्ने।

ङ) नेपालभाषा तथा अन्य भाषामा लेखिएका नेवाःभाषा, धर्म, संसकृति सम्बन्धि लेख, रचना पुस्तक, पुस्तिक अनुवाद गर्ने गराउने, प्रकाशन गर्ने गराउने ।

च) केन्द्रीय समितिको बैठकमा विभागीय प्रतिवेदन पेश गर्ने ।

छ) भाषा, साहित्य तथा सांस्कृतिक प्रवर्द्धन सम्बन्धि नीति निर्माण गर्न केन्द्रीय समितिलाई अवश्यक सुझाव दिने ।

ज) केन्द्रीय समितिले तोकेको अन्य काम गर्ने ।

**१७) संस्कार, संस्कृति (चाडपर्व) तथा पञ्चाङ्ग विभागको काम, कर्तव्य र अधिकारहरु**

क) नेवाः जातिले अपनाई आएका संस्कार समयोचित परिमार्जन गर्न प्रयासरत रहने ।

ख) नेवाः जातिले अपनाई आएका संस्कारको प्रचार गर्ने, आवश्यक प्रशिक्षण गर्ने ।

ग) नेवाः जातिले मनाउने चाडपर्व, जात्राको प्रचार प्रसार गर्ने ।

घ) चाडपर्व सम्बन्धि तिथि, मिति, सम्वत् आदिको विषयमा छलफल गर्ने, निर्क्यौल गर्ने, प्रचार प्रसार गर्ने
ङ) केन्द्रीय समितिको बैठकमा विभागीय प्रतिवेदन पेश गर्ने ।
च) संस्कार, संस्कृति (चाडपर्व) तथा पञ्चाङ्ग प्रवर्द्धन सम्बन्धि नीति निर्माण गर्न केन्द्रीय समितिलाई अवश्यक सुझाव दिने।
छ) केन्द्रीय समितिले तोकेको अन्य काम गर्ने ।

**१८) अध्ययन तथा अनुसन्धान विभागको काम, कर्तव्य र अधिकारहरु**
क) नेवाःभाषा, कला, लिपि, संस्कृति, संस्कार, परम्परा, पहिचान, गौरव, आदि सम्बन्धि अध्ययन तथा अनुसन्धान गर्ने गराउने, अभिलेखिकरण गर्ने ।
ख) केन्द्रीय समितिको बैठकमा विभागीय प्रतिवेदन पेश गर्ने ।
ग) अध्ययन तथा अनुसन्धान सम्बन्धि नीति निर्माण गर्न केन्द्रीय समितिलाई अवश्यक सुझाव दिने।
घ) केन्द्रीय समितिले तोकेको अन्य काम गर्ने ।

**१९) आर्थिक विभागको काम, कर्तव्य र अधिकारहरु**
क) संस्थाको आर्थिक व्यवस्थापन सम्बन्धि काम गर्ने ।
ख) स्वदेश तथा विदेशमा रहेका दाताहरुसंग समन्वय गरी कोष बृद्धि गर्न प्रयास गर्ने ।
ग) बार्षिक बजेटको स्वरुप तयार गर्ने ।
घ) केन्द्रीय समितिको बैठकमा विभागीय प्रतिवेदन पेश गर्ने ।
ङ) संस्थाको आर्थिक अवस्था सुदृढ सम्बन्धि नीति निर्माण गर्न केन्द्रीय समितिलाई अवश्यक सुझाव दिने।
च) केन्द्रीय समितिले तोकेको अन्य काम गर्ने ।

**२०) आदिवासी जनजाति विभागको काम, कर्तव्य र अधिकारहरु**
क) आदिवासी जनजाति सम्बन्धि संयुक्त राष्ट्र संघीय घोषण पत्र(UNDRIP2007), अन्तराष्ट्रिय श्रम संगठन महासन्धि १६९ (ILO 169) तथा, राष्ट्रिय अन्तराष्ट्रिय सन्धि सम्झौता आदिद्वारा प्रदत्त आदिवासी अधिकार प्राप्तिको लागी सचेतनात्मक कार्यक्रम गर्ने गराउने ।
ख) नेपाल आदिवासी जनजाति महासंघ, महिला, युवा, विद्यार्थी, पत्रकार, कानून व्यवसायी, चलचित्रकर्मी आदि महासंघ र आदिवासी जनजातिका जातीय संघ संस्थाहरुसंग समन्वय् गर्ने गराउने ।
ग) केन्द्रीय समितिको बैठकमा विभागीय प्रतिवेदन पेश गर्ने ।
घ) आदिवासी जनजातिको उत्थान सम्बन्धि नीति निर्माण गर्न केन्द्रीय समितिलाई अवश्यक सुझाव दिने।
ङ) केन्द्रीय समितिले तोकेको अन्य काम गर्ने ।

**२१) विषयगत विभागको काम, कर्तव्य र अधिकारहरु**
क) नेवाः देय् दबूको उद्धेश्य प्राप्तिको लागी विभिन्न विषयगत समितिहरु गठन गरी परिचालन गर्ने ।
ख) केन्द्रीय समितिको बैठकमा विभागीय प्रतिवेदन पेश गर्ने ।
ग) विषयत समिति सम्बन्धि नीति निर्माण गर्न केन्द्रीय समितिलाई अवश्यक सुझाव दिने ।
घ) केन्द्रीय समितिले तोकेको अन्य काम गर्ने ।
ङ) नेवाः देय् दबूको नीति, निर्देशन पालना नभएमा सो संगठनलाई नसिहत दिने, कार्वहीको लागी केन्द्रीय समितिमा सिफारिस गर्ने ।

**२२) महिला विभागको काम, कर्तव्य र अधिकारहरु**
क) देशभरका महिलाहरुलाई संगठित, सशक्तिकरण र विकासका सम्बन्धमा आवश्यक कार्ययोजना बनाउने ।
ख) केन्द्रीय समितिको बैठकमा विभागीय प्रतिवेदन पेश गर्ने ।
ग) महिला सशक्तिकरण र विकासका सम्बन्धि नीति निर्माण गर्न केन्द्रीय समितिलाई अवश्यक सुझाव दिने ।

घ) केन्द्रीय समितिले तोकेको अन्य काम गर्ने ।

**२३ १. प्रदेश, जिल्ला, नगर, गाउँ, प्रारम्भिक समितिहरुले निम्न अनुसारको विभागहरु गठन गर्न सक्नेछ ।**

क) संगठन विभाग
ख) सुचना, संचार तथा प्रकाशन विभाग
ग) भाषा साहित्य तथा सांस्कृतिक विभाग
घ) आर्थिक विभाग
ङ) आदिवासी जनजाति विभाग
च) विषयगत विभाग
छ) महिला विभाग

२. यसको काम, कर्तव्य, अधिकारहरु केन्द्रीय विभागको कार्य सरह नै हुनेछ ।
३. यसले केन्द्रीय विभागसंग सम्बन्ध र समन्वय गरी कार्य सम्पादन गर्नेछ ।

## परिच्छेद ५

**२४ विषयगत समिति सम्बन्धि व्यवस्था**

१. संस्थाको निम्नानुसारको विषयगत संगठन रहनेछ ।
क) नेवाः विद्यार्थी दबू
ख) नेवाः ल्यायम्ह दबू
ग) नेवाः कलाकार दबू
घ) नेवाः पत्रकार दबू
ङ) नेवाः मिसा दबू
च) नेवाः सिने कलाकःमि दबू
(आवश्यकता अनुसार अन्य संगठनहरु निर्माण गर्न सकिनेछ ।)

२. संस्थाको उद्धेश्य प्राप्तिका लागी माथि उल्लेखित विषयगत संगठनहरुको छुट्टा छुट्टै विधान बनाई नेवाः देय् दबूबाट अनुमोदित गराई परिचालित हुनेछ ।

## परिच्छेद ६

**२५ कार्यालय व्यवस्थापन सम्बन्धमा**

क) संस्थाले आफ्नो दैनिक कार्य सम्पादन गर्नको लागी आवश्यकता अनुसार केन्द्र, प्रदेश, जिल्ला, नगरपालिका, गाउँपालिका/प्ररम्भिक समितिको कार्यालय स्थापना गरी संचालन गर्न सक्नेछ ।
ख) संस्थाको कार्यालय स्थापन गर्न वा सभा समारोह, सम्मेलन गर्न नेपाल सरकारको अधिनमा रहेको कुनै प्रकारको जग्गा, जमीन, घर आदि केन्द्र, प्रदेश, जिल्ला, नगरपालिका, गाउँपालिका/प्ररम्भिक समितिले खरिद वा भोगाधिकार प्राप्त गर्न सक्नेछ । त्यसको जानकारी तत्कालै केन्द्रमा जानकारी गराउनु पर्दछ ।
ग) संस्थाको कार्यालय संचालन सम्बन्धि प्रशासनिक नियमावलीमा व्यवस्था भए अनुसार हुनेछ ।

## परिच्छेद ७

**विविध**

**२६ अनुमति र कार्यभार हस्तान्तरण**

संस्थाको सबै तहको समितिको पदाधिकारीले आफ्नो कार्यक्षेत्र भन्दा बाहिर जानुपर्दा अध्यक्षले उपाध्यक्षलाई, महासचिवले सचिव, सचिवले सहसचिवलाई, विभागीय प्रमुखले उपप्रमुखलाई कार्यभार हस्तान्तरण गर्न सकिनेछ ।

२७ संस्थाको संगठनात्मक स्वरुप अनूसूची ११ बमोजिम हुनेछ ।

२८ विधानको परिच्छेद २, दफा ५, उपदफा २ (झ) बमोजिम एम्बुलेन्स, शवबहान संचालन गर्नु परेमा छुट्टै कार्यविधि बनाई संचालन गर्न सक्नेछ ।

२९ संस्थाको पदाधिकारी एवं सदस्यहरुको अनूसूची १२ बमोजिमको मर्यादाक्रम रहनेछ ।

**३० नियमावलीको व्याख्या**

संस्थाको नियमावलीको व्याख्या गर्ने अधिकार केन्द्रीय समितिमा निहित रहनेछ ।

**३१ नियमावलीको संशोधन**

संस्थाको नियमावली आवश्यकतानुसार संशोधन गर्ने अधिकार केन्द्रीय समितिमा निहित रहनेछ ।

**३२ बाधा अड्काउ फुकाउ अधिकार**

संस्थाको विधान, नियमावली, निर्देशिका आदि कार्यन्वयनमा कुनै बाधा अड्काउ भएमा सो फुकाउने अधिकार केन्द्रीय समितिमा रहनेछ ।

**३३ बचाउ**

संस्थाको नियमावली कार्यान्वयन हुनु अधि भएका सबै कार्यहरु यसै नियमावली अनुसार गरिएको मानिनेछ।

# नेवाः देय् दबू

केन्द्रीय समिति

## संस्थापक संस्था सदस्य नविकरण आवेदन पत्र

फारम नं मिति : ....................

हनेबहम्ह नायः,
नेवाः देय् दबू .............................. जिल्ला समिति,

नेपाल संवत ११११ ञलाथ्वः ७ र ८ (२०५२ भाद्र १६ र १७) मा सिद्धार्थ वनस्थली इन्स्टिच्यूट, काठमाडौंमा भएको नेवारहरुको ऐतिहासिक प्रथम राष्ट्रिय अधिवेशनमा सहभागी भई यस संस्थाको संस्थापक सदस्यको हैसियतले नेवाः देय् दबूको क्रियाकलापमा सक्रिय भईआएको व्यहोरा अवगत नै छ । आ.ब. ............... को नविकरण गर्नको लागी आवश्यक कागजात संलग्न राखी यो आवेदन पेश गरेको छु । नियमानुसारको शुल्क लिइ संस्था नविकरण गरिदिनुहुन विनम्र अनुरोध छ ।

**संस्थाको विवरण**

संस्थाको नाम : ....................................

ठेगाना : ................ प्रदेश, ....................जिल्ला ................ न.पा./गा.पा. ........ वडा ................

टोल

सम्पर्क : मो : .................................... फोन : ............................................

फ्याक्स : .......................................... इमेल : ..........................................

..................

निवेदक

नाम :

पद :

**कार्य समितिको नाम, पद, ठेगाना, सम्पर्क नं**

| नाम | पद | ठेगाना | सम्पर्क |
|---|---|---|---|

१

२

३

४

५

६

७

८

९

१०

११

१२

१३

**संलग्न कागजात विवरणहरु**

१. ..........................जिल्ला प्रशासन कार्यालय दर्ता नं ....................... मिति ..........................

२. जि.प्र.का. दर्ता प्रमाण पत्र प्रतिलिपि

३. जम्मा सदस्य संख्या ..................................

४. संस्थाको पछिल्लो साधारण सभा/अधिवेशन मिति ......................................

५. पछिल्लो साधारण सभा/अधिवेशनको निर्णयको प्रतिलिपि

# नेवाः देय् दबू

केन्द्रीय समिति

## संस्थापक संस्था सदस्य प्रमाण-पत्र

सदस्यता नं

हनेबहम्हे नायः,

........................

........................

नेपाल संवत ११११५ ञलाथ्वः ७ र ८ (२०५२ भाद्र १६ र १७) मा सिद्धार्थ वनस्थली इन्स्टिच्यूट, काठमाडौंमा भएको नेवारहरुको प्रथम राष्ट्रिय अधिवेशनद्वारा स्थापित यस नेवारहरुको साझा राष्ट्रिय संगठन नेवाः देय् दबूको विधानको परिच्छेद ३ दफा ६, उपदफा २ (क) बमोजिम श्री ............................................................ लाई संस्थापक संस्था सदस्यको प्रमाण-पत्र दिइएको छ।

..............................
नां :
पद :
मिति :

द्रष्टव्य : यो प्रमाणपत्र हरेक आर्थिक बर्ष भित्र नविकरण गर्नुपर्नेछ।

.....................................................................................................................................................

### नविकरण

| नविकरण गरेको मिति | नवीकरण बहाल रहेको अबधि | नवीकरण दस्तुर | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# नेवाः देय् दबू

केन्द्रीय समिति

## संस्थागत सदस्यता आवेदन पत्र

फारम नं मिति : …………………

हनेबहम्ह नायः,
नेवाः देय् दबू केन्द्रीय समिति, यें
मार्फत………………………… जिल्ला समिति,

नेवाः देय् दबूको विधान, नीति, नियम र सिद्धान्त पालना गर्दै नेपालभाषा, कला, संस्कृति र संस्कारको सम्बर्द्धन र प्रवर्द्धनका साथै नेवाः अधिकार प्राप्तिको लागी प्रतिवद्ध भई नेवाः देय् दबूको उद्धेश्य प्राप्तिको लागी योगदान गर्ने बचनका साथ आवश्यक सम्पूर्ण काजगात संलग्न गरी संस्थागत सदस्यताको लागी सादर अनुरोध गर्दछौं ।

**संस्थाको विवरण**

संस्थाया नाम : ……………………………….

ठेगाना : ……………. प्रदेश, ……………….जिल्ला ……………. न.पा. ⁄ गा.पा. ……. वडा …………….

टोल

सम्पर्क : मो : ……………………………….  फोन : ……………………………….

फ्याक्स : …………………………………..  इमेल : …………………………………….

**कार्य समितिको नां, पद, ठेगाना, सम्पर्क नं**

नाम पद ठेगाना सम्पर्क

१
२
३
४
५
६
७
८
९
१०
११
१२
१३

**संलग्न कागजात विवरण**

१. ..........................जिल्ला प्रशासन कार्यालय दर्ता नं ....................... मिति ..........................

२. जि.प्र.का. दर्ता प्रमाण पत्र प्रतिलिपि

३. जम्मा सदस्य संख्या ..................................

४. संस्थाको पछिल्लो साधारण सभा/अधिवेशन मिति ......................................

५. नेवाः देय् दबूको सदस्यता लिने भनी कार्य समितिले गरेको निर्णय प्रतिलिपि

६. संस्थाको मुख्य उद्धेश्यहरु

१)

२)

३)

४)

५)

८. संस्थाको कार्य क्षेत्र

१)

९. संस्थाको संरचना

१)

२)

३)

१०. संस्थाको आर्थिक स्रोत

१)

२)

३)

११. संस्थाको भौतिक सम्पति

१)

२)

३)

१२। संस्थाको छाप

..................
निवेदक
नाम :
पद :

..................................
सिफारिस
............ जिल्ला समिति
नाम :
पद :

..................................
सदस्यता प्रदान गर्ने अधिकारी
नाम :
पद :

# नेवाः देय् दबू

केन्द्रीय समिति, यें

## संस्थागत सदस्य नविकरण आवेदन पत्र

फारम नं मिति : ....................

हनेबहम्ह नायः,
नेवाः देय् दबू .............................. समिति,

नेपाल संवत ११११५ ञलाथ्वः ७ र ८ (२०५२ भाद्र १६ र १७) मा सिद्धार्थ वनस्थली इन्स्टिच्यूट, काठमाडौंमा भएको नेवारहरुको ऐतिहासिक प्रथम राष्ट्रिय अधिवेशनबाट स्थापित नेवारहरुको साझा राष्ट्रिय संगठन नेवाः देय् दबूको संस्थागत सदस्यको हैसियतले हरेक क्रियाकलापमा सक्रिय भईआएको व्यहोरा अवगत नै छ। आ.ब. ............... को नविकरण गर्नको लागी आवश्यक कागजात संलग्न राखी यो आवेदन पेश गरेको छु। नियमानुसारको शुल्क लिइ संस्था नविकरण गरिदिनुहुन विनम्र अनुरोध छ।

**संस्थाको विवरण**

संस्थाको नाम : ....................................

ठेगाना : ................ प्रदेश, ....................जिल्ला ................ न.पा./गा.पा. ........ वडा ................

टोल

सम्पर्क : मो : .................................... फोन : ............................................

फ्याक्स : ......................................... इमेल : ..........................................

..................
निवेदक
नाम :
पद :

**कार्य समितिको नाम, पद, ठेगाना, सम्पर्क नं**

<u>नाम</u> <u>पद</u> <u>ठेगाना</u>

<u>सम्पर्क</u>

१

२

३

४

५

६

७

८

९

१०

११

१२

१३

**आवश्यक विवरण तथा कागजातहरु**

१. ..........................जिल्ला प्रशासन कार्यालय दर्ता नं ....................... मिति ..........................

२. जि.प्र.का. दर्ता प्रमाण पत्र प्रतिलिपि

३. जम्मा सदस्य संख्या ..................................

४. संस्थाको पछिल्लो साधारण सभा/अधिवेशन मिति ......................................

५. पछिल्लो साधारण सभा/अधिवेशनको निर्णयको प्रतिलिपि

# नेवाः देय् दबू

केन्द्रीय समिति, यें

## संस्थागत सदस्य प्रमाण-पत्र

सदस्यता नं

हनेबहम्ह नायः,

.........................

.........................

नेपाल संवत १११५ ञलाथ्वः ७ र ८ (२०५२ भाद्र १६ र १७) मा सिद्धार्थ वनस्थली इन्स्टिच्यूट, काठमाडौंमा भएको नेवारहरुको प्रथम राष्ट्रिय अधिवेशनद्वारा स्थापित यस नेवारहरुको साझा राष्ट्रिय संगठन नेवाः देय् दबूको विधानको परिच्छेद ३ दफा ६, उपदफा २ (ख) बमोजिम श्री ........................................................... लाई संस्थागत सदस्यको प्रमाण-पत्र दिइएको छ ।

...............................
नां :
पद :
मिति :

द्रष्टव्य : यो प्रमाणपत्र हरेक आर्थिक बर्ष भित्र नविकरण गर्नुपर्नेछ ।

.......................................................................................................................................

### नविकरण

| नविकरण गरेको मिति | नवीकरण बहाल रहेको अबधि | नवीकरण दस्तुर | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# नेवाः देय् दबू

केन्द्रीय समिति, यें

## जातीय संस्थागत सदस्यता आवेदन पत्र

फारम नं मिति : ....................

हनेबहम्ह नायः,
नेवाः देय् दबू केन्द्रीय समिति, यें

नेवाः देय् दबूको विधान, नीति, नियम र सिद्धान्त पालना गर्दै नेपालभाषा, कला, संस्कृति र संस्कारको सम्बर्द्धन र प्रवर्द्धनका साथै नेवाः अधिकार प्राप्तिको लागी प्रतिवद्ध भई नेवाः देय् दबूको उद्धेश्य प्राप्तिको लागी योगदान गर्ने बचनका साथ आवश्यक सम्पूर्ण काजगात संलग्न गरी जातीय संस्थागत सदस्यताको लागी सादर अनुरोध गर्दछौं ।

**संस्थाको विवरण**
संस्थाया नाम : ....................................

ठेगाना : ................ प्रदेश, ...................जिल्ला ................ न.पा./गा.पा. ........ वडा ................

टोल

सम्पर्क : मो : .................................... फोन : ....................................

फ्याक्स : ......................................... इमेल : .........................................

**कार्य समितिको नाम, पद, ठेगाना, सम्पर्क नं**

नाम पद ठेगाना सम्पर्क

१
२
३
४
५
६
७
८
९
१०
११
१२
१३

**संलग्न कागजात विवरण**

१. ..........................जिल्ला प्रशासन कार्यालय दर्ता नं ....................... मिति ..........................(भएमा)

२. जि.प्र.का. दर्ता प्रमाण पत्र प्रतिलिपि

३. जम्मा सदस्य संख्या ..................................

४. संस्थाको पछिल्लो साधारण सभा/अधिवेशन मिति ......................................

५. नेवाः देय् दबूको सदस्यता लिने भनी कार्य समितिले गरेको निर्णय प्रतिलिपि

६. संस्थाको मुख्य उद्धेश्यहरु

१)

२)

३)

४)

५)

८. संस्थाको कार्य क्षेत्र

१)

९. संस्थाको संरचना

१)

२)

३)

१०. संस्थाको आर्थिक स्रोत

१)

२)

३)

११. संस्थाको भौतिक सम्पति

१)

२)

३)

१२। संस्थाको छाप

..................

निवेदक

नाम :

पद :

..................................

सिफारिस

नाम :

पद :

..................................

सदस्यता प्रदान गर्ने अधिकारी

नाम :

पद :

# नेवाः देय् दबू

केन्द्रीय समिति, यें

## जातीय संस्थागत सदस्यता नविकरण आवेदन पत्र

फारम नं मिति : ....................

हनेबहम्ह नायः,
नेवाः देय् दबू केन्द्रीय समिति
काठमाडौं

नेपाल संवत ११११५ ञलाथ्वः ७ र ८ (२०५२ भाद्र १६ र १७) मा सिद्धार्थ वनस्थली इन्स्टिच्यूट, काठमाडौंमा भएको नेवारहरुको ऐतिहासिक प्रथम राष्ट्रिय अधिवेशनबाट स्थापित नेवारहरुको साझा राष्ट्रिय संगठन नेवाः देय् दबूको जातीय संस्थागत सदस्यको हैसियतले क्रियाकलापमा सक्रिय भईआएको व्यहोरा अवगत नै छ । आ.ब. ................ को नविकरण गर्नको लागी आवश्यक कागजात संलग्न राखी यो आवेदन पेश गरेको छु । नियमानुसारको शुल्क लिइ संस्था नविकरण गरिदिनुहुन विनम्र अनुरोध छ ।

**संस्थाको विवरण**

संस्थाको नाम : .....................................

ठेगाना : ................ प्रदेश, ....................जिल्ला ................ न.पा./गा.पा. ........ वडा ................

टोल

सम्पर्क : मो : ..................................... फोन : .............................................

फ्याक्स : .......................................... इमेल : ...........................................

..................
निवेदक
नाम :
पद :

**कार्य समितिको नाम, पद, ठेगाना, सम्पर्क नं**

<u>नाम</u> <u>पद</u> <u>ठेगाना</u> <u>सम्पर्क</u>

१

२

३

४

५

६

७

८

९

१०

११

१२

१३

**आवश्यक विवरण तथा कागजातहरु**

१. ..........................जिल्ला प्रशासन कार्यालय दर्ता नं ....................... मिति ..........................

२. जि.प्र.का. दर्ता प्रमाण पत्र प्रतिलिपि

३. जम्मा सदस्य संख्या ..................................

४. संस्थाको पछिल्लो साधारण सभा/अधिवेशन मिति ......................................

५. पछिल्लो साधारण सभा/अधिवेशनको निर्णयको प्रतिलिपि

# नेवाः देय् दबू

केन्द्रीय समिति, यें

## जातीय संस्थागत सदस्यता प्रमाण-पत्र

सदस्यता नं

हनेबहम्ह नायः,

.........................

.........................

नेपाल संवत ११११५ ञलाथ्वः ७ र ८ (२०५२ भाद्र १६ र १७) मा सिद्धार्थ वनस्थली इन्स्टिच्यूट, काठमाडौंमा भएको नेवारहरुको प्रथम राष्ट्रिय अधिवेशनद्वारा स्थापित यस नेवारहरुको साझा राष्ट्रिय संगठन नेवाः देय् दबूको विधानको परिच्छेद ३ दफा ६, उपदफा २ (ग) बमोजिम श्री ............................................................ लाई जातीय संस्थागत सदस्यको प्रमाण-पत्र दिइएको छ ।

...............................

....

नां :
पद :
मिति :

द्रष्टव्य : यो प्रमाणपत्र हरेक आर्थिक बर्ष भित्र नविकरण गर्नुपर्नेछ ।

..............................................................................................................................

### नविकरण

| नविकरण गरेको मिति | नवीकरण बहाल रहेको अबधि | नवीकरण दस्तुर | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# नेवाः देय् दबू

केन्द्रीय समिति, यें

## साधारण सदस्यता आवेदन पत्र

फारम नं  मितिः ....................

Photo

हनेबहम्ह नायः,
नेवाः देय् दबू .............................. समिति,

म नेवाः देय् दबूको विधान, नीति, नियम र सिद्धान्त पालना गर्दै नेपालभाषा, कला, संस्कृति र संस्कारको सम्बर्द्धन र प्रवर्द्धनका साथै नेवाः अधिकार प्राप्तिको लागी प्रतिवद्ध भई नेवाः देय् दबूको उद्धेश्य प्राप्तिको लागी योगदान गर्ने बचनका साथ साधारण सदस्यताको लागी सादर अनुरोध गर्दछौं ।

**व्यक्तिगत विवरण**

पुरा नाम : ....................................  नगरिकता प्रमाणपत्र नं. ........................

आमाको नाम : ....................................  बुबाको नाम : ....................................

जन्म स्थान : ....................................  जन्म मिति : ..................................

स्थायी ठेगान : .............. प्रदेश, .................जिल्ला ..................... न.पा./गा.पा. ........वडा नं ........ टोल

अस्थायी ठेगाना : ............ प्रदेश, .................जिल्ला ..................... न.पा./गा.पा.........वडा नं ........ टोल

सम्पर्क : मो : ....................................  फोन : ....................................

फ्याक्स : .........................................  इमेल : ..........................................

**नेपालभाषा, कला, संस्कृति र सामाजिक क्षेत्रमा योगदान :**

....................................................................................................................................................

....................................................................................................................................................

....................................................................................................................................................

.................
निवेदक
नाम :
पद :

.................................
सिफारिस गर्नेको
नाम :
पद :

.................................
सदस्यता दिने अधिकारी

# नेवाः देय् दबू

केन्द्रीय समिति, येंं

## साधारण सदस्यता प्रमाण-पत्र

Photo

सदस्यता नं :

नाम : ......................................

ठेगाना : ......................................

समिति : ..........................................

................................
.................................
सदस्यको हस्ताक्षर

प्रमाणपत्र दिने अधिकारी

..................................................................................................................................................

| नवीकरण बहाल रहेको अबधि | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|
| | |
| | |
| | |

## नेवाः देय् दबू

# संगठनात्मक स्वरूप



## नेवाः देय् दबू

# पदाधिकारी मर्यादाक्रम

१। केन्द्रीय अध्यक्ष

२। संरक्षक

३। के. सल्लाहकार

४। बरिष्ठ /उपाध्यक्ष

५। महासचिव

६। के.कोषाध्यक्ष

७। के. सचिव, जातीय परिषद सचिव

८। के. सदस्य

९। निर्वाचन समिति संयोजक, लेखा समिति संयोजक, अनुशासन समिति संयोजक

१०। राष्ट्रिय परिषद सदस्य

११। केन्द्रीय विषयगत समिति अध्यक्ष

१२। प्रदेश सल्लाहकार

१३। जिल्ला अध्यक्ष

१४। विभागीय सचिव

१५। निर्वाचन, लेखा, अनुशासन समिति सदस्य

१६। प्रदेश सचिव

१७। प्र. कोषध्यक्ष

१८। प्र. सहसचिव

१९। प्र. सदस्य

२०। विभागीय सदस्य

२१। जातीय परिषद सदस्य

२२। जिल्ला सल्लाहकार

२३। जिल्ला उपाध्यक्ष

२४। नगर समिति अध्यक्ष

२५। जिल्ला सचिव

२६। जिल्ला कोषाध्यक्ष

२७। जिल्ला सहसचिव

२८। नगर समिति सल्लाहकार

२९। नगर समिति उपाध्यक्ष

३०। नगर समिति सचिव

३१। नगर समिति कोषाध्यक्ष

३२। नगर समित सहसचिव

३३। गाउँ समिति अध्यक्ष

३४। गाउँ समिति सल्लाहकार

३५। गाउँ समिति उपाध्यक्ष

३६। गाउँ समिति सचिव

३७ गाउँ समिति कोषाध्यक्ष

३८। गाउँ समिति सहसचिव

३९। गाउँ समिति सदस्य

४०।प्रारम्भिक समिति अध्यक्ष

४१। प्रारम्भिक समिति सल्लाहकार

४२। प्रारम्भिक समिति उपाध्यक्ष

४३। प्रारम्भिक समिति सचिव

४४।प्रारम्भिक समिति कोषाध्यक्ष

४५। प्रारम्भिक समिति सहसचिव

४६। प्रारम्भिक समिति सदस्य